नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी

प्रमुख भन्सार

भन्सार नियमावली, २०८३ को नियम ८५(१) बमोजिम यस कार्यालयबाट गोप्य सिलबन्दी बोलपत्रद्वारा विभिन्न सवारी साधन लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सूचना।

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०३।०५

विभिन्न निकायहरुबाट विभिन्न मितिमा चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयबाट दाखिला भई भन्सार ऐन, २०८२ तथा भन्सार नियमावली, २०८३ बमोजिम जफत गरिएका तपसिलमा उल्लेखित दर्ता हुने मोटर साईकल, सवारी तथा ढुवानी साधन र दर्ता नहुने कवाडी (SCRAP) भएका सवारी तथा ढुवानी साधनहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले ईच्छुक ब्यक्ति, फर्म/कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८३।०३।१९ गते) भित्र निम्न लिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएकोछ। बोलपत्र फारम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ। साथै आफुले कबोल गरेको रकमको न्यूनतम १० प्रतिशतले हुने धरौटी रकम प्रभु बैक लिमिटेड, शाखा कार्यालय, ईनरुवा तथा यस भन्सार कार्यालयको एक्सटेन्सन काउण्टर, सेतुबन्ध, सुनसरीमा यस भन्सार कार्यालयको कोड नं. ३०५०३१४०१ र भन्सार कोष खाता नं. क-२.९-१०४०११४५८६६०००२१ मा रकम जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैक भौचर बोलपत्र फारमसाथ पेश गर्नुपर्नेछ। साथै यो सूचना यस कार्यालयको सूचना पाटी, भन्सार विभागको वेवसाइट www.customs.gov.np तथा सुनसरी भन्सार कार्यालयको वेवसाइट sunsari.customs.gov.np, जिल्ला प्रशासन कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, कोशी गाउँपालिकाको कार्यालय र उद्योग वाणिज्य संघको कार्यालय, ईनरुवा सुनसरीको कार्यालयको सूचना पाटीमा पनि हेर्न सकिनेछ। वस्तु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा अग्रिम भौतिक निरीक्षण गरी हेरी बुझी जाँची सुनिश्चित तथा एकिन भएपछि मात्र वस्तु लिलाम सकार गर्नु होला, पछि कहीं कतै उजुर वाजुर गर्न पाइने छैन। अन्य विस्तृत ब्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिनेछ।

तपसिल:-

| सि.नं. | मुद्दा नम्वर | कसिम | कम्पनी | मोडल | ईन्जिन नम्वर | चेसिस नम्वर | उत्पादन वर्ष | क्षमता | न्युनतम मूल्य (कर वाहेक) रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २७९/२०८१।०९।०२ | मो.सा. | हिरो | एच.एफ. डिलक्स | HA11ESNHJ01849 | MBLHAW142NHJ01649 | 2022 | 97.2 | 47104 |
| २ | ५१५/२०८०।०९।०८ | मो.सा. | हिरो | स्पेलेण्डर | HA11EYNHM66417 | MBLHAW12XNHMB9318 | 2022 | 97.2 | 47104 |
| ३ | ५३०/२०८२।०१।११ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGJ9G06735 | MBLJAR032J9G59634 | 2018 | 124.7 | 26256 |
| ४ | ५५५/२०८२।०१।२६ | मो.सा. | हिरो | स्पेलेण्डर | JA05EGJ9L17880 | MDLJAR035J9L19102 | 2018 | 124.7 | 26256 |

| सि.नं. | मुद्दा नम्बर | कसिम | कम्पनी | मोडल | इन्जिन नम्बर | चेसिस नम्बर | उत्पादन वर्ष | क्षमता | न्युनतम मूल्य (कर बाहेक) रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ५५५/२०८२।०१।२६ | मो.सा. | हिरो | स्पेलेण्डर | JA05EGL9A25740 | MBLJAW099L9A11732 | 2020 | 124.7 | 45875 |
| ६ | ५५६/२०८२।०१।२८ | मो.सा. | बजाज | एभेन्जर | PDZCGA87528 | MD2A85CZ9GCA83115 | 2016 | 149.0 | 21500 |
| ७ | ६११/२०८२।०२।१४ | मो.सा. | बजाज | पल्सर | DHZWHK25682 | MD2A11CZOHWK24082 | 2017 | 149.0 | 24226 |
| ८ | ६३२/२०८२।०२।२३ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGK9C04742 | MBLJAW096K9C04810 | 2019 | 124.7 | 34603 |
| ९ | ६४७/२०८२।०२।२९ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGJ9D01989 | MBLJAR034J9D66835 | 2018 | 97.2 | 19294 |
| १० | ६८१/२०८२।०३।१८ | मो.सा. | हिरो | एच.एफ. डिलक्स | HA11ENH4D07346 | MBLHAR206H4D04250 | 2017 | 124.7 | 23500 |
| ११ | ६८४/२०८२।०३।२२ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05ECG9033935 | MBLIA05EMG9D37759 | 2016 | 124.7 | 20500 |
| १२ | ६८४/२०८२।०३।२२ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGH9J40934 | MBLJAR038H9J40546 | 2017 | 124.7 | 23500 |
| १३ | १९/२०८२।०४।०९ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGJ9E41390 | MBLJAR033J9E21789 | 2018 | 124.7 | 26256 |
| १४ | ४८/२०८२।०५।०३ | मो.सा. | हिरो | ग्लेमर | JA06ERKGJ05193 | MBLJAW105KGJ05453 | 2019 | 124.7 | 34603 |
| १५ | ८०/२०८२।०५।२२ | मो.सा. | होण्डा | साईन | JC73E81013505 | ME4JC734GH8007010 | 2017 | 125.0 | 20200 |
| १६ | ११३/२०८२।०६।२१ | मो.सा. | बजाज | डिस्कभर | JZWGM520Z0 | MD2A15DZ3GWM13851 | 2016 | 124.6 | 20500 |
| १७ | १४९/२०८२।०७।१० | मो.सा. | हिरो | स्पेलेण्डर | JA05EGK9H43006 | MBLJAW099K9H18635 | 2019 | 124.7 | 34603 |
| १८ | १९५/२०८२।०८।१२ | मिनी ट्रक | आईचर बतास | - | E413CDLM334556 | MC2C9RCOLM476830 | 2021 | 3298 CC | 704512 |
| १९ | २३०/२०८२।०८।२४ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGH9L43199 | MBLJAR036H9L42530 | 2017 | 124.7 | 23500 |
| २० | २३५/२०८२।०८।२४ | मो.सा. | हिरो | ग्लेमर | JO6EGJGGE39711 | MBLJA06ANGGE15636 | 2016 | 124.7 | 20500 |
| २१ | २४०/२०८२।०९।०१ | मो.सा. | हिरो | स्पेलेण्डर | JA05EGM9C01228 | MBLJAW093M9C01141 | 2021 | 124.7 | 58982 |
| २२ | २५१/२०८२।०९।०७ | मो.सा. | हिरो | स्पेलेण्डर | JA05EGK9G55350 | MBLJAW092K9G26198 | 2019 | 124.7 | 34603 |
| २३ | २७५/२०८२।०९।३० | मो.सा. | हिरो | एच एफ डिलक्स | HA11EXN4G00194 | MBLHAW100N4G00120 | 2022 | 97.2 | 47104 |
| २४ | २७८/२०८२।१०।०६ | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JAOZABL9M02126 | MBLJAW170L9M65961 | 2020 | 124.7 | 45875 |
| २५ | ३८२/२०८२।१२।२४ | मो.सा. | टि.भि.एस. | स्पोर्ट | PF5AK1702745 | MD625PF51K3A75048 | 2019 | 109.7 | 31457 |
| २६ | ३८४/२०८२।१२।२४ | मो.सा. | टि.भि.एस. | अपाचे | AE8PL2713135 | MD634AE82L2P13120 | 2020 | 159.7 | 45875 |
| २७ | ३९९/२०८२।१२।३० | मो.सा. | हिरो | सुपर स्पेलेण्डर | JA05EGK9B21825 | MBLTAW096K9D02168 | 2019 | 124.7 | 34603 |
| २८ | ४०२/२०८२।१२।३० | कार | टाटा पन्च | - | AWXM06482 | MAT634031PPA07757 | 2023 | 1199CC | 1152000 |
| २९ | ४०४/२०८२।१२।३० | पिकअप | महिन्द्रा बलेरो | - | TNN1J96961 | MA1ZN2TNKN1J86169 | 2022 | 2523CC | 768000 |
| ३० | सि.नं. १ देखि २९ सम्म यातायात व्यवस्था कार्यालयमा दर्ता हुने र कवाडी भई पत्रु (SCRAP) मा जाने मोटरसाईकल संख्या १०५ थान, चार पाङ्ग्रे कार ९ थान र जिप १ थान। | | | | | | | | 853650 |

## सिलबन्दी बोलपत्र फारम सम्बन्धी शर्तहरुः

१ उल्लिखित बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने (RIMS) गरी प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, ईनरुवा तथा यस भन्सार कार्यालयको एक्सटेन्सन काउण्टर, सेतुबन्धु, सुनसरीमा यस भन्सार कार्यालयको कोड नं. ३०५०३१४०१ बाट राजस्व शीर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा दाखिला गरेको सक्कल भौचर यस कार्यालयमा पेश गर्ने। यो सूचना जारी भएको मितिले १५ औं दिन (२०८३।०३।१९) गतेसम्म कार्यालय समय ५:०० बजेभित्र व्यक्ति/फर्म र संस्थाहरुले दर्ता हुने मोटर साईकल तथा सवारी साधनको हकमा प्रति बोलपत्र फारम रु.१०००।०० दस्तुर तिरी खरिद गर्न सक्नेछ।

२ बोलपत्र फारम खरिद गर्न आउँदा आफूले लिन चाहेको दर्ता हुने सवारी साधनको सि.नं. र मुद्दा नम्बर उल्लेख गरी फर्म/कम्पनी/सस्थाहरुको हकमा आ.व. २०८१।८२ को करचुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनिवार्यरुपमा स्थायी लेखा नम्बर (पान) को प्रमाण पत्रको प्रतिलिपि समेत बोलपत्र फारमसाथै पेश गर्नुपर्नेछ।

३ आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ। सच्चाइएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

४ बोलपत्र फारम पेश गर्दा सो बोलपत्र खामभित्र राखी खाम बन्द गरी खाममा बाहिरबाट सिलबन्दी लाहाछाप समेत लगाई खाम बन्द गरेको स्थानमा दस्तखत गरी पेश गर्नुपर्नेछ।

५ बोलपत्र फारम भएको खाम बाहिर बोलपत्र सूचना नं., मुद्दा नं. र बोलपत्रदाताको नामथर, ठेगाना उल्लेख गर्नुपर्नेछ। साथै प्रचलित कानून बमोजिम रित नपुगी पेश भएको, कार्यालय समयभित्र पेश हुन नआएको र कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।

६ बोलपत्रदाताले जसको नाममा बोलपत्र फारम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयबाट बिक्री भएको सक्कल बोलपत्र फारममा मात्र बोलपत्र भर्नु पर्नेछ। प्रत्येक सि.नं. को छुट्टा-छुट्टै बोलपत्र खरिद गरी सोही बमोजिम छुट्टा-छुट्टै पेश गरी दर्ता गराउनु पर्नेछ। प्रत्येक सवारी साधनको धरौटी बापतको छुट्टा-छुट्टै बैक भौचर सक्कलै प्रति फारमसाथ संलग्न गर्नुपर्नेछ। बैक भौचरको प्रतिलिपीलाई मान्यत दिइने छैन।

७ खरिद गरिएको बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा मिति २०८३।०३।२० र २१ गते २ (दुई) दिन सार्वजनिक विदा परेकोले मिति २०८३।०३।२२ गते सोमवार दिनको १२:०० बजेसम्म यस कार्यालयको प्रशासन शाखामा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएको बोलपत्रहरु सोही दिन (मिति २०८३।०३।२२) गते दिउँसो १३:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

८ बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरी जानकारी गराईनेछ। बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको मालबस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर रकमसमेत बुझाई उठाई लैजानुपर्नेछ। साथै यो सूचना भन्सार विभागको वेबसाइट www.customs.gov.np र sunsari@customs.gov.np मा समेत हेर्न सकिनेछ।

९ कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने करसमेत बुझाई मालबस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो र चौथो घटिवालाको कबोल अङ्क स्वीकृत गरिनेछ। कसैले पनि सवारी साधन तोकिएको म्यादभित्र उठाई नलगेमा बोलपत्र दाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अघि बढाइनेछ।

प्रमुख भन्सार अधिकृत

१० यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु स्क्राप (कवाडी) मा लिलाम विक्री गरिने सवारी साधनहरु कवाडीको कारोवार गर्न इजाजत प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न सक्नेछन र सकार गरेको सवारी तथा ढुवानी साधनको सकारकर्ताले आफ्नै खर्चमा कार्यालय परिसरभित्र इन्जिन नं., चेसिस नं. मेटाई र टुक्काई लैजान पर्नेछ।

११ लिलाम सकार गरेका सवारी साधनको प्रचलित ऐन, नियमानुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ताकै हुनेछ।

१२ सवारी साधन हेर्न चाहेमा बोलपत्र आह्वान भएको मितिवाट दिनको ०९:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म कार्यालय खुलेको दिनमा हेर्न सकिने र अन्य केही थप कुरा बुझ्नुपरेमा कार्यालय समयमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

१३ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१४ यसमा उल्लेख भए बाहेक अन्य विषयहरु नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
सुनसरी भन्सार कार्यालय
भैतुबन्ध, सुनसरी

प्रमुख भन्सार अधिकृत